कौडेना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कौडेना, सर्लाही

प्रदेश नं. २, नेपाल

पत्र सं. ०७७/०७८
च.नं. १०६४

श्री सरोकारवाला सबै,
कौडेना गाउँपालिका, सर्लाही

मिति : २०७८/०३/०६

बिषय: भुक्तानी को समय सिमा सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको कार्यालयसँग आ.व. २०७७/७८ मा सम्पन्न हुने गरी सम्झौता भई संचालनमा रहेको योजना तथा कार्यकमहरु लगायत यस कार्यालयले भुक्तानी गर्नु पर्ने जुनसुकै प्रकारको कार्यहरुको काम समपन्न गरी फरफारक तथा अन्तिम भुक्तानीको लागि मिति २०७८/०३/२४ गते सम्ममा आवश्यक कागजात यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी दिई लेखा अधावधिक गरी भुत्तानी निकासा बन्द गर्नु पर्ने व्यवस्था छ । बाँकी सात दिनभित्र कर दाखिला गर्ने, नेपाल सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नु पर्ने प्रकृतिको अनुदान रकम समेत फिर्ता गरी सोको बैंक भौचर कोष तथा लेखा नियन्त्रकको कार्यालयमा पेश गर्नु पर्ने र आर्थिक वर्ष २०७७/७८ को सम्पूर्ण कारोबारको हिसाब मिलान गरी नेपाल सरकार, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश सरकार लगायत सरोकारवाला निकायहरुमा प्रतिवेदन पठाउने समेतको कार्यहरु आर्थिक वर्ष समाप्त हुनु भन्दा अगावै सम्पन्न गर्नु पर्ने पर्ने बाध्यात्मक कानुनी व्यवस्था भएकोले माथि उल्लेखित समय सीमा मिति २०७८/०३/२४ गते भित्र भुक्तानीको लागी आवश्यक कागजात पेश हुन नआएमा कार्यालय भुत्तानी दिन असमर्थ हुने हुँदा समय सीमा भन्दा पछि भुत्तानी माग गरेको कारणले भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने र स्वयं सरोकारवाला नै जिम्मेवार हुने व्यहोरा सबैमा जानकारीको लागी अनुरोध छ ।

०७८/३/६

सुरेश साह
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

Website: www.kaudenamun.gov.np Email: ito.kaudenamun@gmail.com
Contact: 9854039200, 9854039209, 9854039255